# नेपाल राष्ट्र बैक
# बैंकिङ्ग कार्यालय, थापाथली काठमाण्डौं
## सामान लिलाम सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मिति : २०७३/०७/२९

यस कार्यालयमा देहाय बमोजिमका पुराना फर्निचरहरु, स्टील दराज लगाएत अन्य कार्यालय सामानहरु जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

| क्र.सं. | लिलाम हुने मालसामानहरु | न्युनतम मुल्य (एक मुष्ट) |
|---|---|---|
| १ | फर्निचरहरु, स्टील दराज लगायत अन्य कार्यालय सामानहरु | रु १,३७,३५०।०० |

(१) लिलाम शिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति:
- (क) स्थान: नेपाल राष्ट्र बैंक बैंकिङ्ग कार्यालय, थापाथली काठमाण्डौं ।
- (ख) समय: दिनको १२:३० बजे ।
- (ग) मिति: २०७३/०८/१४

(२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको सक्रेही धरौटी हिसाब खाता नं १२०९९०२/०११/००१/५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम रु ५००।०० (अक्षेरुपी पाँच सय मात्र) फिर्ता नहुने गरी बुझाई यस कार्यालयबाट लिन सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय ११ बजे देखि ३ बजेसम्म कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजत पत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) स्थाई लेखा नम्बर लिएको वा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(७) अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यलयको स्टोर फाँटमा सम्पर्क राख्न सकिने छ ।